# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, माघ २५ गते २०६१ साल (संख्या ४२

## भाग ३

### श्री ५ को सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

**पर्वतीय प्रशिक्षण विकास समिति (गठन)(दोस्रो संशोधन) आदेश, २०६१**

पर्वतीय प्रशिक्षण विकास समिति (गठन) आदेश, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "पर्वतीय प्रशिक्षण विकास समिति (गठन) आदेश, २०६१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२ पर्वतीय प्रशिक्षण विकास समिति (गठन) आदेश, २०५९ मा संशोधनः पर्वतीय प्रशिक्षण विकास समिति (गठन)आदेश, २०५९ को दफा १४को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) समितिको मुख्य कार्यालय सोलुखुम्ब जिल्लाको गार्मा गाउँ विकास समितिमा रहनेछ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ ।

"(३) समितिको प्रशिक्षण तथा तालीम सम्बन्धी मुख्य केन्द्र सोलुखुम्बु जिल्लाको गार्मा गाउँ विकास समितिमा रहनेछ ।

आज्ञाले,
डा. भोजराज घिमिरे
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार
अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी भारत तथा तेस्रो मुलुकसंग रेलमार्गबाट आयात/निर्यात हुने मालवस्तुहरूको भन्सार जाँचपास लगायतका कार्यहरु गर्न भन्सार विभाग अन्तर्गत रहने गरी "सुर्खुवी बन्दरगाह भन्सार कार्यालय, सिर्सिया, पर्सा" स्थापना भएको हुँदा सो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी ठूला करदाता कार्यालय, काठमाडौंले गरेको निर्णय उपर पुनरावेदन सुन्ने प्रयोजनका लागि खण्ड २३, अतिरिक्ताङ्क ७८ क. मिति २०३०।१२।२६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार स्थापित राजस्व न्यायाधिकरणलाई स्थानीय करदाताको (मुख्य कार्यालय रहेको) क्षेत्रको तत् तत् राजस्व न्यायाधिकरणलाई तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।